अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** ०१/०७९/०८०  **मितिः**२०७९/०४/१८

**अध्यक्षताः** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

मिति २०७९ साल श्रावण १८ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मतिमा गरियो ।

**१.** अर्जुनधारा नगरपालिकाको तीनपाङ्ग्रे (ई रिक्सा सम्बन्धि) कार्यविधि २०७९ स्वीकृत गरी २०७९ साल कार्तिक १ गतेबाट लागू गर्ने निर्णय गरियो ।

२. भू-उपयोग ऐन २०७६ को दफा २० को उपदफा (१) बमोजिम स्थानीय भू उपयोग परिषद्को कार्यमा सहयोग गर्न अर्जुनधारा नगरपालिका गठन हुने भूउपयोग कार्यान्वयन समितिमा दफा २० को उपदफा (१) को बुँदा नं (घ) बमोजिम निम्न बमोजिम सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

(१) श्रीप्रसाद नेपाल, अर्जुनधारा-१

(२) श्री राधिका जबेगु, अर्जुनधारा-४

(३) श्री लक्ष्मी आङदेम्बे, अर्जुनधारा-३

(४) श्री लवकुश गौतम, अर्जुनधारा-११

**३.** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम अर्जुनधारा नगरपालिकामा कार्यविधिले तोकेको लक्षित समूहको निवेदन सङ्कलन गरी कार्यविधि बमोजिम विपन्न रहेको व्यहोरा प्रमाणित गर्नका लागि स्थानीय तहबाट सिफारिस समिति गठन गरी विपन्नता प्रमाणित गर्नका लागि लाभग्राहीको सम्बन्धित वडा समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४. अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १७ को उपनियम (१) बमोजिम अर्जुनधारा नगरपालिका, वडा नं १० का वडा अध्यक्ष श्री भुपेन्द्र नेउपानेलाई यस नगर कार्यपालिकाको प्रवक्ताको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**५.** वर्षाद्को समयलाई मध्यनजर गर्दै विपद् पूर्वतयारीका लागि आवश्यक स्थानमा प्रयोग गर्नका लागि रु १५ लाख बजेट बराबरको तारजाली तथा ह्युमपाइप खरिद गरी आवश्यक ठाउँमा वितरण तथा भैपरी आउने कार्यका लागि मौज्दातमा राख्ने तथा हात्ति प्रभावित क्षेत्रमा आवश्यकता तथा माग बमोजिम साइरन तथा टर्चलाइट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

६. अर्जुनधारा नगरपालिका भित्र रहेका विभिन्न क्रशर उद्योग तथा निर्माण व्यवसायीहरुले २०७९ साल ज्येष्ठ मसान्त अगावै खरिद गरी मौज्दातमा राखिएका नदीजन्य पदार्थको मौज्दात प्रमाणिकरण गरिदिनका लागि निवेदन प्राप्त हुने गरेको सन्दर्भमा यस नगर कार्यपालिकाको मिति २०७९/०३/०८ गतेको नगर कार्यपालिकाको बैठकबाट गठित कार्यदलले स्थलगत रुपमा मौज्दात गरी राखिएका नदीजन्य पदार्थको अनुगमन तथा मूल्याङ्कन गरी प्रति घ.मि. रु ४० (चालिस) का दरले सेवाशुल्क जम्मा गराई मौज्दातको प्रमाणिकरण गर्ने निर्णय गरियो । साथै, अर्जुनधारा नगरपालिका भित्र सञ्चालनमा रहेका क्रशरहरुको सञ्चालन मापदण्डका सम्बन्धमा सरोकारवालाहरुको सहभागितामा सर्वपक्षीय बैठक बसी मापदण्ड अनुसार सञ्चालन भए/नभएको सम्बन्धमा अनुगमन गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

७. अर्जुनधारा नगरपालिकाको केन्द्र शनिश्चरे बजारमा हाल प्रहरी नायब निरीक्षकको नेतृत्वमा प्रहरी चौकी सञ्चालनमा रहेको छ ।बढ्दो शहरिकरणसँगै जनसङ्ख्याको चाप दिनानुदिन बढ्दै गईरहेको, चौकीको कार्यक्षेत्र भित्र पर्ने इलाका समेत भौगोलिक रुपमा निकै फैलिएको सन्दर्भमा आपराधिक क्रियाकलापहरुको नियन्त्रणसँगै नगरवासीलाई शान्ति सुरक्षाको प्रत्याभुति दिन हाल रहेक प्रहरी चौकीलाई स्तरोन्नति गरी इलाकास्तरीय प्रहरी कार्यालय स्थापना गर्नु अति आवश्यक भएको हुँदा हालको प्रहरी चौकीको स्तरोन्नति गर्नका लागि सम्बन्धित निकायहरुमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

८. अर्जुनधारा नगरपालिकामा सञ्चालनमा रहेको धानको विजवृद्धि कार्यक्रमका लागि विषयविज्ञको सेवा उपलब्ध गराउँदै आउनु भएका श्री टेकबहादुर पोखरेलको आगामी २०७९ मंसिर मसान्त सम्मका लागि सेवा निरन्तरता दिने निर्णय गरियो ।

९. गत विगतमा कोभिड १९ को प्रकोपको समयमा स्वास्थ्य चौकी अर्जुनधारा र खुदुनाबारीमा सञ्चालनमा रहेको एम्बुलेन्सहरु यस कार्यालय मातहत सञ्चालनका लागि ल्याइएकोमा उक्त एम्बुलेन्सहरु मर्मत सम्भार गरी तत् निकायहरुबाटै सञ्चालन गर्ने फिर्ता पठाउने निर्णय गरियो ।

१०. राष्ट्रिय भूमि आयोगको च.नं.७७५ मिति २०७९/०३/१३ को पत्रबाट भूमिहीन दलित, सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीलाई व्यवस्पान गर्ने सम्बन्धि कार्यका लागि आयोगबाट खटि आएका कर्मचारीहरुलाई आवश्यक यातायात खर्च

प्रोत्साहन भत्ता लगायतका सुविधा उपलब्ध गराउन अनुरोध भई आएकोमा यस नगरपालिकामा आयोगबाट खटिएका तथा नगरपालिकाको कार्यालयबाट खटाइएका प्राविधिक अमिनहरुलाई अतिरिक्त समय कार्य गरेबापत मासिक रु ६०००/- (छ हजार मात्र) का दरले प्रोत्साहन भत्ता तथा मासिक रु ५००/- (पाँच सय) का दरले सञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

११. अर्जुनधारा नगरपालिका भित्र रहेका सुरक्षा निकायका कार्यालयहरुलाई विगतबाटै इन्धन सुविधा उपलब्ध गराउदै आएकोमा चालु आर्थिक वर्षमा विनियोजित इन्धन खर्चबाट खर्च लेख्ने गरी निम्न बमजिम सुरक्षा निकायका कार्यालयहरुलाई मासिक इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | कार्यालय | मासिक इन्धन |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल कप्तानबारी बेस | १०० लि. |
| २ | सशस्त्र प्रहरी बल खुदुनाबारी बेस | २० लि. |
| ३ | प्रहरी चौकी शनिश्चरे | १०० लि. |
| ४ | अस्थायी प्रहरी चौकी, खुदुनाबारी | २० लि. |
| ५ | प्रहरी बिट सालबाडी | १० लि. |

१२. यस अर्जुनधारा नगरपालिका, बिर्तामोड नगरपालिका र कनकाइ नगरपालिकाबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनका तथा सो मार्फत नविकरणीय उर्जा उत्पादनका लागि कनकाइ नगरपालिकामा निर्माणाधिन कनकाइ विर्ता अर्जुन नविकरणीय उर्जा विकास लि. मा यस नगरपालिका समेतले अनुदान उपलब्ध गराउँदै आएकोमा उक्त अनुदानलाई नगरपालिकाको तर्फबाट शेयर लगानीमा रुपान्तरण गर्दै उक्त परियोजनामा आवश्यकता एवं औचित्य समेतका आधारमा यस अर्जुनधारा नगरपालिकाबाट रु २ करोड सम्म शेयर लगानी गरी लागत साझेदारी गर्न यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत नीति तथा कार्यक्रम बमोजिम सहमतिका लागि  नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१३. अर्जुनधारा नगरपालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा नेपाल सरकारबाट विशेष अनुदानमा प्राप्त बजेटबाट अर्जुनधारा नगरपालिका वडा नं २, ५ र ११ का विद्यालयहरुमा भवन निर्माणका लागि ठेक्का बन्दोवस्त भएकोमा ठेक्का लिने निम्न निर्माण व्यवसायीलाई

कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत तोकिएको अवधिम २०७९ आषाढ मसान्त भित्र कार्य सम्पन्न नगरी सशर्त अनुदान फ्रिज भएको र निर्माण कार्य अपुरो राखी आयोजना अलपत्र पारेको हुँदा निज ठेकेदार उपर कानून बमोजिमको कारबाही गरी निजको कार्य सम्पादन जमानत जफतको आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

| **ठेक्का नं** | **कामको विवरण** | **निर्माण व्यवसायी** |
|---|---|---|
| AM/NCB/WORKS/ 02-078-079 | Construction of School Building of Aadharbhut Bidhyalaya Kanchanbari and Nawajyoti Aa vi Arjundhara-05 | Bigyan Construction Pvt Ltd Kamal Rural Municipality-03 Jhapa |
| AM/NCB/WORKS/ 02-078-079 | Construction of School Building of Maharanigung Ma vi and Junkiri Sarwajanik Pra Vi Arjundhara-11 | |

१४. अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन, २०७९ को दफा २ बमोजिम आगामी नगर सभाको अधिवेशनबाट अनुमोदन गर्ने गरी अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मूल सञ्चितकोष खातामा खर्च नभई  बाँकी रहेको अ.ल्या. रकमलाई अनुसुची १ बमोजिमका कार्यक्रमहरुमा बाँडफाँड गर्ने निर्णय गरियो ।